## सुनापति गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिकसम्ममा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

## सार्वजनिक सुनुवाइ

# **संक्षिप्त प्रतिवेदन**




**आयोजक**

**सुनापति गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप**

**प्रतिवेदक**

**रामचन्द्र वि.क.**

अध्यक्ष/प्रहार मिडिया प्रा.लि मन्थली, रामेछाप

**साउन २०८२**

## १. कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । गाउँपालिकालाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । सुनापति गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिकसम्ममा प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । सुनापति गाउँपालिकाको प्राङ्गणमा २०८२ साउन ८ गते विहिबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

*(सार्वजनिक सुनुवाईको तस्विरहरु अनुसुची-१ मा छन्)*

## २. कार्यक्रमको उद्देश्य

- सुनापति गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन तथा सहजीकरण गर्ने ब्यक्तिः** कुमार श्रेष्ठ/कैलाश खत्री/रामचन्द्र वि.क. (प्रहार मिडिया प्रा.लि.)

**सार्वजनिक सुनुवाइको सहजीकरण गर्ने संस्थाको नाम :** प्रहार मिडिया प्रा.लि.

**ठेगाना :** मन्थली नगरपालिका-१, रामेछाप

**सार्वजनिक सुनुवाईको विषय :** सुनापति गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिकको अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

**कार्यक्रम आयोजक :** सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप

**<u>कार्यक्रम विवरण</u>**

- मिति : ८ साउन २०८२ (विहिबार)
- स्थान : सुनापति गाउँपालिकाको प्राङ्गण हिलेदेवी, रामेछाप
- समय : दिनको ११:३० बजे देखि ४:०० बजेसम्म (४ घण्टा ३० मिनेट)

**४. जवाफदेही वक्ताहरु**

- ठुलोकान्छा तामाङ, अध्यक्ष- सुनापति गाउँपालिका
- सुनापति गाउँपालिका उपध्यक्षः- गीता विष्ट
- सुनापति गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृतः सुरेश कुमार श्रेष्ठ
- सुनापति गाउँपालिकाका- २, का वडाध्यक्ष :- पदम बहादुर थापा
- सुनापति गाउँपालिकाका- ३, का वडाध्यक्ष :- कुल बहादुर थिङ
- सुनापति गाउँपालिकाका- ४, का वडाध्यक्ष :- डन्डुप तामाङ
- सुनापति गाउँपालिकाका- ५, का वडाध्यक्ष :- चित्र बहादुर मानन्धर
- पशु सेवा कार्यालय सिन्धुलीका प्रमुख :-डा. ध्रुव डि.सी.
- हुलाक कार्यालय सुनापतिका प्रमुख :- कुलदिप खड्का
- सहयोगी हातहरुको समूह (सहास) नेपालका प्रतिनिधि :- विदुर थापा
- सामुदायिक विकास समाजका परियोजना संयोजक :- कृष्ण श्रेष्ठ
- कुमारी बैंक लि. सुनापति डहु शाखा प्रमुख :- विप्लब कर्मचार्य
- लक्ष्मी लघुवित्त वित्तिय संस्था लि. शाखा कार्यालय सुनापति प्रमुख :- रेकम जि.सी.
- मातृभुमी लघुवित्त वित्तिय संस्था लि. शाखा कार्यालय सुनापति प्रमुख :- हेम बहादुर बोहरा

***शाखा प्रमुखहरु***

- शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख :- कमल बहादुर बम
- पूर्वाधार विकास शाखा :- प्रविण श्रेष्ठ
- स्वास्थ्य शाखा प्रमुख :- माधव प्रधान
- जिन्सी शाखा प्रमुख :- देव शंकर यादव
- सूचना प्रविधि अधिकृत :- सन्तोष चौलागाई
- रोजगार सेवा केन्द्र तथा योजना शाखा प्रमुख :- कर्ण बहादुर वि.क.
- कृषि विकास शाखा प्रमुख :- समिक्षा गौतम
- लेखा शाखा प्रमुख :- विनोद चौलागाईं

- आन्तरिक लेखा परिक्षक :- कृष्ण बहादुर कटुवाल
- पशु सेवा शाखा प्रमुख :- राजुमान घिसिङ
- भूमी व्यवस्था शाखा प्रमुख :- रचना भुजेल
- राजश्व शाखा प्रमुख :- मीरा मगर
- सामाजिक सुरक्षा तथा पञ्जिकरण शाख प्रमुख :- श्रीराम ढुंगाना
- प्रशासन शाखा प्रमुख :- रविन्द्र कुरेल
- उद्याम विकास शाखा प्रमुख :- रमेश कठायत

**५.अतिथिहरु**

प्रेम बहादुर थापा, उपप्रमुख- जिल्ला समन्वय समिति रामेछाप

हरिकृष्ण फुयाल, समन्वय अधिकारी- जिल्ला समन्वय समिति रामेछाप

***कार्यपालिका सदस्यहरु***

- रीता कामी धमला
- अविना लामा
- सुनमाया तामाङ
- हरि माया श्रेष्ठ

***पत्रकारहरु***

- नेपाल पत्रकार महासंघ रामेछाप शाखा अध्यक्ष- दीपक कुमार घिमिरे
- नेपाल पत्रकार महासंघ रामेछाप शाखा निवर्तमान- बद्री नयाँघरे
- नेपाल पत्रकार महासंघ रामेछाप शाखा पुर्वध्याक्ष- हिमाल ढुंगेल
- नेपाल पत्रकार महासंघ रामेछाप शाखा सचिव- नवराज श्रेष्ठ
- रेडियो झंकार स्टेशन म्यानेजर- युवराज श्रेष्ठ
- गन्तव्य टुडे दैनिकका संचालक :- कुमार श्रेष्ठ
- रेडियो तिफदी मन्थलीका प्रतिनिधि- राज कुमार श्रेष्ठ
- नेपाल अभियान डटकम प्रतिनिधि- विवेक घिमिरे

## ६. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण

| दलित | | जनजाति | | ब्राम्हण/क्षेत्री | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ० | ३ | ८ | ३८ | ६ | ३४ | १४ | ७८ | ८९ |

*(सहभागीहरुको विस्तृत विवरण अनुसूची-२ मा राखिएको छ ।)*

## ७. संचालन प्रक्रिया

*प्रारम्भिक चरण*

### (क) समन्वयात्मक बैठक

सुनापति गाउँपालिकाद्वारा आ.व २०८१/०८२ को (एक वर्ष) अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङ उपाध्यक्ष श्री गीता विष्ट, प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठ, लेखा शाखाको प्रमुख विनोद चौलागाईंसँग प्रहार मिडियाका प्रा.लि. का अध्यक्ष एवं सहजकर्ता श्री रामचन्द्र वि.क.ले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाइको लागि वार्षिक कार्यक्रम अनुसार गर्ने तर कोटेशन अनुसार काम गर्ने निधो भयो र प्रहार मिडिया प्रा.लि.ले पनि कोटेशन प्रक्रियामा भाग लिंदा प्रहार मिडिया छनौट भइ कार्यक्रम गर्नको लागि सम्झौता भयो र उक्त सम्झौता अनुसार सुनापति गाउँपालिकाले मिति, स्थान र समयमा तोकेर प्रहार मिडियालाई सार्वजनिक सुनुवाइ गर्ने जिम्मेवारी दिए पछि स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, अनुसार सार्वजनिक सुनुवाइको तयारी गरिएको थियो ।

### (ख) सहजकर्ताको छनौट तथा समन्वय

सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आयोजना गरेको पालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको कार्यालयले ब्यवस्थापन तथा समन्वयका कार्यहरु गरेको थियो । सुनापति गाउँपालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवारी प्रहार मिडिया प्रा.लि मन्थलीका अध्यक्ष श्री रामचन्द्र वि.क.लाई दिइएको थियो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु, शाखा प्रमुखहरु एवं संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

### (ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन





स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (

व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने कम्पनीका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

### (घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

सुनापति गाउँपालिकाद्वारा आ.व २०८१/०८२ को तेस्रो चौमासिकको अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले रामेछाप जिल्लाका रेडियो एफ्एम्हरु, विभिन्न अनलाइन मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन तथा प्रशारण गरिएको थियो । त्यस्तै कार्यक्रमको सहजीकरण गर्ने प्रहार मिडिया प्रा.लिद्वारा संचालित हाम्रो प्रहार डटकमबाट पनि एक हप्ता अगाडी नै सूचना प्रकाशन गरिएको थियो । गाउँपालिका कार्यालय परिसर र वडा कार्यालयहरुमा कार्यक्रम हुने स्थल सहितको सार्वजनिक सुनुवाईको सूचना फेलेक्समा प्रिन्ट गरी टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयहरु, गाउँपालिकामा रहेका संघसंस्था, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रामेछाप तथा पत्रकारहरुको सहभागीता सुनिश्चितताकाको लागि खबर गर्ने कार्य गरिएको थियो ।




*कार्यान्वयन चरण*

### (क) कार्यक्रमको सुरुवात, अथिति आशान ग्रहण र कार्यक्रमको उद्देश्यको बारेमा जानकारी

सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवीको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो । प्रहार मिडिया प्रा.लि. मन्थलीका प्रतिनिधि कुमार श्रेष्ठ र रामचन्द्र वि.क.ले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गरेका थिए । त्यसपछि कार्यक्रमका सहजकर्ताले सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको बारेमा प्रकाश पार्दै सहभागी सबैलाई कार्यक्रममा सक्रियताका साथ सहभागी बन्न अनुरोध गरिएको थियो ।

**(ख) आ.व. २०८१/०८२ को तेस्रो चौमासिकको प्रगति विवरण**

सार्वजनिक सुनुवाईमा सुनापति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठले आ.व २०८१/०८२ को तेस्रो चौमासिकको अवधिसम्म गाउँपालिकाबाट भएको आय, व्यय तथा समग्र प्रगतीको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । त्यस्तै पशु सेवा कार्यालय सिन्धुलीका प्रमुख डा. ध्रुव डि.सी.ले सुनापतिमा कार्यालयबाट भएको कामको विवरण पस्तुत गर्नुभएको थियो । त्यसैगरी सुनापति गाउँपालिकामा कार्यक्षेत्र बनाएर काम गरीरहेका गैरसकारी संस्था सहयोगी हातहरुको समूह नेपालका प्रतिनिधि विदुर थापा र सामुदायिक विकास समाज मन्थलीका प्रतिनिधि कृष्ण श्रेष्ठले आर्थिक वर्ष २०८१/०८२ मा गरेको कामको संक्षिप्त प्रगति विवरण प्रस्तु गरेका थिए । *(प्रमुख प्रशासकीय अधिकृतले प्रस्तुत गरेको विस्तृत विवरण अनुसुची-३ मा उल्लेख छ ।)*

**(ग) नागरिक प्रतिवेदन (सन्तुष्टि वा असन्तुष्टि) र बहिर्गमन अभिमत संचालन तथा सार्वजनिक**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुको प्रत्यक्ष सहभागितामा नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । सोही अनुसार गाउँपालिकाका ५ ओटै वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा पुगी त्यहाँ आएका ४५ जना (३८ जनालाई सन्तुष्टि वा असन्तुष्टि फारममा समेटिएको र ७ जनासँग भिडियो कुराकानी) सेवाग्राहीसँग कुराकानी गरेर उनिहरुको अभिमतलाई नागरिक प्रतिवेदनमा समावेश गरी सार्वजनिक सुनुवाईको दिन उक्त फाराममा भएका तथ्यांकहरुलाई संयोजन गरी नतिजा सार्वजनिक गरिएको थियो ।

**निष्कर्ष:** कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई कार्यालयबाट उपलब्ध हुने सेवाको बारेमा बुझ्दा र वडाको विभिन्न ठाउँमा पुगेर सेवाग्राही सँग लिएका अभिमतमा पालिका तथा वडा कार्यालयबाट सेवा प्रवाह र विकास निर्माणका कार्य हुँदा जनप्रतिनिधि र कर्मचारीले गरेका राम्रा काम र सुधार गर्नु पर्ने पक्षका विभिन्न बुँदाहरु नागरिकले दिएका र त्यस्ता सुझावहरुलाई सार्वजनिक सुनुवाईमा सम्बन्धित निकायको ध्यानकार्षण गराइएको थियो । *(विस्तृत नतिजा अनुसुची-४ मा उल्लेख छ ।)*

**(घ) हाकहाकी बहस, प्रक्रियात्माक भनाई र जिम्मेवार बक्तहरुबाट धारणा**

कार्यक्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, गाउँपालिकाका शाखा प्रमुखहरु सहित सरोकारवाल र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । त्यसपछि कार्यक्रममा अतिथिको रुपमा रहनुभएका जिल्ला समन्वय समिति रामेछापका उपप्रमुख प्रेम बहादुर थापा, समन्वय अधिकारी हरिकृष्ण फुयाल, नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष दीपक कुमार घिमिरे, नेपाल पत्रकार महासंघ रामेछापका पूर्वाध्यक्ष बद्री नयाँघरे, नेपाल पत्रकार महासंघ रामेछापकै पुर्वाध्यक्ष हिमाल ढुंगेलल लगायतले सार्वजनिक सुनुवाईको प्रभावकारीताको विषयमा धारणा सँगै, प्रश्न र सुझावहरु राख्नु भएको थियो । सार्वजनिक सुनुवाई उठेका सबालहरुका सम्बन्धमा गाउँपालिका उपाध्यक्ष गिता विष्ट र प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठले जवाफ दिनुभएको थियो भने गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङले सहभागीहरुले सार्वजनिक सुनुवाई तथा नागरिक अभिमतमा स्थानीयहरुले राखेका मुख्य मुख्य जिज्ञासालाई सम्बोधन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

**८) कार्यक्रममा भएका सवाल जवाफ/बहिर्गमन अभिमत मार्फत र अतिथिहरुले राखेका प्रश्न तथा सुझावहरु**

क) सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन् :

| क.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | जवाफको छोटकारी व्यहोरा |
|---|---|---|---|---|
| १ | कपिल तामाङ सुनापति-३ | १) शिक्षामा गरिएको लागानी अनुसार गुणस्तरीय शिक्षाको नतिजा कहिले हुन्छ ? | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | शिक्षामा गरिएको लगानीले तुरुन्तै नतिजा देखिदैन । तर, गएका वर्षका नतिजाहरुले हेर्दा जिल्लाका अन्य पालिकाको भन्दा धेरै राम्रो छ । देशकै नमूना डहु मावि यहि पालिकामा छ, गुणस्तरीय शिक्षाको उदहारण त्यही डहु मावि हो । |
| | | २) वडा नं ३ मा भएको स्वास्थ्य संस्थामा उपचार गर्न गएको बेला कर्मचारी भेटिएन किन ? | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | अहिले सम्म त्यस्तो गुनासो आएको छैन् । म यो विषयमा बुझेर यदि त्यस्तो भएको रहेछ भने त्यस्ता कर्मचारीलाई सचेत गराएर आगामी दिनमा त्यस्तो हुन नदिन निर्देशन दिने छु । उपचारको लागि जाँदा त्यस्तो भेटियो भने तुरुन्तै खबर गर्न सेवाग्रहीलाई पनि अनुरोध गर्दछु । |
| | | ३) वित्तिय संस्थाबाट ऋण लिएका ऋणीहरुले गाउँ छोड्नु पर्ने अवस्था आएको छ, यस्तो किन भएको छ ? | रेकम जि.सी. शाखा प्रमुख, लक्ष्मी लघुवित्त वित्तिय संस्था सुनापति<br>हेम बहादुर बोहरा शाखा प्रमुख, मातृभुमी लघुवित्त वित्तिय संस्था सुनापति | हामीले ऋण दिएका ऋणीहरुको अवस्था त्यस्तो छैन् । तर पछिल्ला केही वर्ष देखि देशमा देखिएको आर्थिक मन्दिका कारण केही समस्या भने आएको छ । त्यस्तो समस्या आएको भए हाम्रो तर्फबाट सुधार गर्ने प्रतिवद्धता जाहेर गर्छौं । |

ख) नागरिक अभिमत संकलनका क्रममा वडा तहमा पुग्दा नागरिकले राखेका प्रश्न तथा जिज्ञासा र त्यसको समधानको लागि जिम्मेवार वक्ताले दिएका जवाफ सँगै प्रतिवद्धता

| प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना | जवाफको छोटकारी व्यहोरा |
|---|---|---|---|
| वडा नं १ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) वडामा सचिव कर्मचारी बढी विदामा बस्दा नागरिकले समस्या खेप्नु परेको छ । | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | विदामा बसेको बेला कार्यालय प्रमुखलाई जानकारी गराएर मात्रै जानुभएको छ । व्यवहारिक कारणले गर्दा नै विदामा बसेको बुझेको छु । आगामी दिनमा बिदा दिने बेला ख्याल गरिन्छ । |

| | | | |
|---|---|---|---|
| | २) मध्यमहाडी लोकराजमार्ग अन्तगरगत वडा नं १ भित्र पर्ने खण्डमा टेण्डर हुन सकेको छैन किन ढिला भयो ? (सोम प्रसाद सापकोटा) | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | प्रक्रियागत रुपमा कामहरु सुरु भएको भन्ने आधिकारिक जानकारी आएको छ । हामीले यो विषयलाई सम्बन्धित निकायको ध्यानाकार्षण गराएका छौं । |
| वडा नं २ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) सडक निर्माण भएका छन् तर, यातायातका साधन नियमित संचालन हुने गरी राम्रो काम गर्नु पर्‍यो ।<br>२) सडकमा गरिएको लगानी राम्रो सदुपयोग भएन, दीगो विकासलाई ध्यान दिनु पर्‍यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका<br><br>सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | सुनापति गाउँपालिकाका अधिकाशं ठाउँहरुमा वर्षायामको समयमा नियमित पानी पर्ने ठाउँहरु छन् । जसको कारण सडकमा क्षति पुगेका छन् । सडकको अवस्था हेरेर सधार गर्छौ ।<br>तत्कालिन अवस्थामा नागरिकको सहजताको लागि भनेर बनेका केही सडहरु दिगो रुपमा संचालन हुन सकेका छैनन् । त्यस्ता सडक आगामी दिनमा गरिने लगानीलाई ध्यान दिन्छौं । |
| वडा नं ३ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) सूचनाहरु प्रकाशन त हुन्छन तर, भनेजति प्रकाशन नहुँदा हामीले पाउने केही सुविधाबाट बञ्चित हुनु परेको छ । यसलाई बढी भन्दा बढी सूचनालाई ध्यान दिनु पर्‍यो ।<br>२) विकास निर्माणमा समान रुपमा जोड्नु पर्‍यो । | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | वडा तहबाट प्रवाह हुने सूचनालाई थप नागरिकमैत्री बनाउनको लागि वडा कार्यालयलाई सचेत गराउँछौं । वडाबाट प्रवाह हुने सुविधाका बारेमा बेलाबेलामा नागरिकलाई पनि वडा कार्यालयमा आएर बुझ्न अनुरोध गर्छौ । विकासमा सबैलाई समान रुपमा हेरिएको छ, आगामी दिनमा पनि त्यसलाई प्राथमिकतामा राख्छौं । |
| वडा नं ४ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) अहिले वडा नं ४ मा बोधिचित्ता मालाको उत्पादन धेरै हुन थालेको छ । यसको बजरीकरणको लागि गाउँपालिकाले नै जिम्मा लिएर सहजीकरण गर्नु पर्‍यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | गाउँपालिकाले सुरु गरेको बोधिचित्तालाई व्यवसायिक बनाउने अभियान सफल हुँदै गएकोमा हामी खुसी छौं । बजारीकरणमा देखिएको समस्यालाई भविष्यमा हामी कुनै न कुनै माध्यमबाट सहयोग गर्ने प्रतिवद्धता जनाउँछौं । |
| वडा नं ५ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) सहकारीबाट प्राप्त हुने मल सहकारीको सदस्य हुनेलाई मात्रै दिने गरिन्छ । यो सबै नागरिकलाई हुने गरी वितरण गर्ने वातावरण मिलाउनु पर्‍यो । | गिता विष्ट उपाध्यक्ष- सुनापति गाउँपालिका | कोटा निर्धाण गरी वडामा गएको मल सबै नागरिकलाई वितरण गर्नु पर्छ । यदि सहकारीका सदस्यलाई मात्रै वितरण गरिएको भए तत्काल सच्याउन सहकारीलाई निर्देशन दिन्छौं र समस्या समधानमा ध्यान दिन्छौं । |
| | २) नयाँ योजना आएपछि कम्तिमा पनि एकै आर्थिक वर्ष भित्र सम्पन्न हुनु पर्‍यो । एउटै योजनामा धेरै पटक वा वर्षे पिच्छे पैसा राख्नु भएन् । | सुरेश कुमार श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत | हाम्रो पनि चाहान त एउटा योजना एकै वर्षका सक्ने हो । तर, एकै वर्षमा एउटै योजना सक्न आवश्यक श्रोत नपुग्ने र वर्तमान ऐन कानून अनुसार बहुवर्षे योजनामा काम हुने हुँदा त्यस्तो भएको हो । यद्धपी यहाँहरुले दिनुभएको सुझावलाई मनन गर्छौं । |

| | | | |
|---|---|---|---|
| | ३) कृषि क्षेत्रलाई बढी प्राथमिकतामा राख्नु पर्‍यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | हाम्रो गाउँपालिकाको नारा 'समृद्द उद्यमी र सुखी सुनापति : कृषि पर्यटन र शिक्षा हाम्रो सम्पति' छ यो नारा अनुसार कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरीरहेको छौं । आगामी दिनमा पनि यसलाई निरन्तता दिने छौं । |
| | ४) सडक सानो भयो, सानो भएको ठाउँमा फराकिलो बनाउनु पर्‍यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | तत्कालिन अवस्थामा नागरिकको सहजताको लागि बनाइएको साना सडकलाई दीर्घकालिन अवस्था हेरेर ठुलो बनाउने र पक्की बनाउने गरी योजना अगाडि बढाउने छौं । |
| *नागरिक अभिमतमा भाग लिने ४५ जना सेवाग्राही* | *सार्वजनिक सुनुवाईमा गाउँपालिका उपाध्यक्ष, वडा नं १, २, ३, ४ र ५ का वडाध्यक्षलाई कार्यक्रममा सहभागी भएका स्थानीयले प्रश्न राखेका थिएनन् । तर ५ ओटै वडाबाट नागरिक प्रतिवेदनमा सहभागी भएका ४५ जना सेवाग्राहीले दिएका सुझावहरुलाई आगामी दिनमा कार्यान्वयनमा ल्याउने प्रतिवद्धता जनाउँदै राम्रा र सुधार गर्नु पर्ने पक्ष सहितका सुझाव दिने सेवाग्राहीलाई धन्यवाद दिएका थिए ।* | | |

| वडा नं १ देखि वडा नं ५ सम्म र गाउँपालिकाको कार्यालयमा भेटिएका स्थानीयहरुले राखेका राम्र पक्ष |
|---|
| १ गाउँपालिका र प्राय जसो वडा कार्यालयका सामाजिक संजालमा सूचना प्रकाशन गर्दा धेरै राम्रो भएको छ ।<br>२ कार्यालयमा पुग्दा जनप्रतिनिधिहरु सहजै भेट्न सकन्छि ।<br>३ वडाबाट विनियोजित धेरै जसो कार्यक्रम तथा बजेट राम्रो छ ।<br>४ पालिका तहमा सार्वजनिक सुनुवाइ नियमित हुने गरेको छ । त्यसमा वडा तहका नागरिकको पनि गुनासा र समस्या बुझ्न गाउँ तहमै आउने गरिएको छ । यो राम्रो अभ्यास हो ।<br>५ सामाजिक सुरक्षा भत्ता सजिलै सँग लिन पाइयो<br>६ नागरिकको काम छिटो हुन्छ र आवश्यक पर्‍यो भने राति पनि सेवा दिइएको छ ।<br>७ जनप्रतिनिधिहरुले पारादर्शिताको बारेमा समन्वय गरेको छ ।<br>८ जनप्रतिनिधि २४ सै घण्टा काम गरेका छन् ।<br>९ कार्यालयहरु राम्रा बनेका छन् । |

*ग) कार्यक्रममा आमन्त्रण गरिएका अतिथिहरुले मन्त्यव्यको क्रममा राखेको संक्षिप्ता विवरण*

| अतिथिको नाम थर | अतिथिले राख्नुभएको मन्तव्यको संक्षिप्त विवरण |
|---|---|
| प्रेम बहादुर थापा<br>उपप्रमुख, जिसस, रामेछाप | सुनापति गाउँपालिकाले शुसासनमा आफ्नो अब्बलता प्रर्दशन गरेर सबै नागरिकलाई सुसुचित गर्ने योजना अनुरुप प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्ने गरेको छ । यसले सुनापति गाउँपालिकालाई शुसासनमैत्री गाउँपालिका बनाउन सहयोग पर्‍याएको छ । यो कार्यलाई आगामी दिनमा पनि निरन्तता दिन म आग्रह गर्न चाहान्छु । सुनापति गाउँपालिकाले अन्य विकासमा पनि नागरिकहरुसँगै समन्वय गरेर काम गरेको छ । जसको कारण यहाँ शिक्षा, स्वास्थ्य, पुर्वधार, खानेपानी, समाजिक, आर्थिक लगायतका विकासमा धेरै सुधार भएका छन् । यसैगरी हो गाउँपालिकालाई समृद्ध बनाउने । |
| हरिकृष्ण फुयाल<br>समन्वय अधिकारी, जिसस, रामेछाप | जिल्लाका ८ पालिका मध्ये विभिन्न दृष्टिकोणले सुनापति गाउँपालिका पहिलो नम्बरमा पर्ने म दाबी गर्छु, किन भने यो गाउँपालिकाले गर्ने आफ्ना हरेक कार्यहरु ऐन कानुन भित्र रहेको गरेको छ । सरकारका माथिल्ल निकायहरुबाट हुने अनुगमनमा पनि सुनापति गाउँपालिका उत्कृष्ट गाउँपालिका भित्र पर्ने गरेको छ । यसले पनि पुष्टि गर्छ यो गाउँपालिका विधिमा चलेका छ । यहाँका जनप्रतिनिधि र कर्मचारीको सम्बन्धलाई हेर्दा समन्वयात्माक रुपमा काम भइरहेको बुझिन्छ । |

| | |
|---|---|
| १ दिपक कुमार घिमिरे<br>अध्यक्ष- नेपाल पत्रकार महासंघ, रामेछाप<br>२ बद्री नयाँघरे<br>निवर्तमान अध्यक्ष- नेपाल पत्रकार महासंघ, रामेछाप<br>३ हिमाल ढुंगेल<br>पुर्वाध्यक्ष- नेपाल पत्रकार महासंघ, रामेछाप | बक्ताहरुले सुनापति गाउँपालिकाले गाउँपालिकालाई शुसासन युक्त पालिका बनाउन मद्दत पुग्ने गरी प्रत्येक ४/४ महिनामा सार्वजनिक सुनुवाई नियमित गर्दै अएको र यसले गाउँपालिका सुशासनमैत्री, नागरिक प्रति जवाफदेही, नागरिकमैत्री र जिम्मेवार छ भन्ने प्रष्ट पारेको धारणा राखेका थिए । उनिहरुले गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माणमा पारदर्शीता सँगै विकास निर्माणको गुणस्तरीयता विशेष ख्याल गर्न जोड दिँदै आम नागरिकको आवश्यकतालाई पहिचान गरी विकास निर्माण गर्न जनप्रतिनिधि र कर्मचारीलाई सुझाव दिएका थिए । |
| *अतिथि तथा पत्रकारहरुले राखेका विभिन्न सुझावलाई आगामी दिनमा कार्यान्वयन गर्न गाउँपालिकाको सिंगो टिम प्रतिवद्ध रहेको धारणा राख्दै गाउँपालिका अध्यक्षले सुझावका लागि धन्यबाद दिनुभएको थियो ।* | |

## ९. दोस्रो चौमासिकको सार्वजनिक सुनुवाइमा गरिएको प्रतिवद्धता र कार्यान्वयनको अवस्था

(क) दोस्रो चौमासिक सार्वजनिक सुनुवाईमा गरिएको प्रतिवद्धताको कार्यान्वयनको अवस्था:

| आर्थिक वर्ष २०८१/०८२ को दोस्रा चौमासिकसम्ममा भएका विकास निर्माण र सेवा प्रवाहको प्रभावकारिता र जवाफदेहिताको विषयमा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका विभिन्न विषयलाई आगामी दिनमा सम्बोधन गर्दै तपशिलमा उल्लेख भएका विषयहरुलाई समेत समाधान गर्ने गरी विभिन्न बुँदामा उल्लेख गरेर जिम्मेवार व्यक्तिहरु प्रतिवद्धता जाहेर गर्दछौं । | | |
|---|---|---|
| क्र.सं. | प्रतिवद्धता | कार्यान्वयनको अवस्था |
| १ | तेस्रो चौमासिक भित्र चालु आ.व. का सबै योजना तथा कार्यक्रमहरु सु-सम्पन्न गर्ने । | विनियोजित सबै योजना तथा कार्यक्रमहरु आर्थिक वर्षको अन्तिम सम्मा सतप्रतिशत सम्पन्न भएको । |
| २ | सार्वजनिक सेवालाई अझ नागरिक केन्द्रित बनाइ जनप्रतिनिधि र कर्मचारीको समन्वयमा सरल सेवा प्रवाह गर्ने । | नागरिकको सहजताको लागि पालिकाबाट प्रवाह हुने सेवालाई शिविरकै रुपमा वडा तह सम्म पुर्‍याएर जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा प्रवाह गर्ने गरिएको । |
| ३ | कर्मचारी प्रति उठेका गुनासोहरु सम्बोधन गर्ने र नागरिकको सेवक भएको महशुस हुने गरी कम गर्ने गराउने । | गुनासो उठेको कर्मचारीलाई तत्काल जिम्मेवारी हेरफेर गरी समस्या समाधान गरिएको । |
| ४ | दीगो विकासको लक्ष्यलाई स्थानीकरण गरी आगामी नीति तथा कार्यक्रम तय गर्ने । | आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा समेटिएको । |
| ५ | अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउने । | सुनापति गाउँपालिकामा काम गर्ने सरकारी तथा गैरसकारी निकायसँग समन्वय गरिएको र तेस्रो चौमासिकमा हुने सार्वजनिक सुनुवाईमा सबै कार्यालयहरुलाई जवाफदेही संस्थाको रुपमा आमन्त्रण गरिएको |
| ६ | पालिका स्तरको आगामी सार्वजनकि सुनुवाइमा नागरिकको सहभागिताको लागि थप प्रभावकारी बनाउने । | गएका सार्वजनिक सुनुवाईमा भन्दा स्थानीय नागरिकको सहभागितामा बृद्धि भएको । |

**(ख) तेस्रो चौमासिक सार्वजनिक सुनुवाइमा गरिएका प्रतिवद्धता**

सुनापति गाउँपालिकाको कार्यालयद्वारा चालु आ.व. २०८१/०२ को तेस्रो चौमासिकमा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा तपशिल बमोजिमका विषयहरुमा सुधार गर्ने प्रतिवद्धता जारी गरियो ।

- गाउँपालिकाबाट प्रवाह हुने सबै प्रकारको सेवाको बारेमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम गरी सु-सुचित गरिने ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री र सर्वसुलभ बनाउने ।
- आर्थिक वर्षको सुरुवात देखिनै योजना कार्यान्वयन र विकास बमोजिम खर्च गर्ने प्रयास गर्ने ।
- अन्तर निकाय समन्वय र सहकार्यमा जोड दिइने ।
- दीगो विकासलाई ध्यान दिने ।
- 

**१०.कार्यक्रमको सवल पक्षहरु**

- तेस्रो चौमासिक समाप्त हुन साथ उक्त चौमासिकको सार्वजनिक सुनुवाई भएको ।
- सुनापति गाउँपालिकामा कार्यक्षेत्र हुने सरकारी तथा गैरसकारी कार्यालयका प्रमुखहरुलाई समेत जवाफदेही वक्ताको रुपमा आमन्त्रण गरिएको ।
- गाउँपालिका भित्र संचालनमा रहेका आयोजना जिम्मा लिएर काम गर्ने निर्माण व्यवसायीहरुलाई पनि खबर गरिएको ।
- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा सरोकारवालाका प्रतिनिधिहरुको सहभागीतामा कार्यक्रम संचालन गरिएको ।
- सुनापतिग गाउँपालिकाको तेसौ चौमासिकको अवधिमा र वार्षिक रुपमा भएका भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिइएको ।
- स्वतन्त्र संस्था तथा सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको सूचना सहित फेलेक्स बनाई गाउँपालिका आसपास क्षेत्र र गाउँपालिकाको सबै वडाको वडा कार्यालयमा टाँस गरिएको ।
- नागरिकहरुको सहभागीता बृद्धिको लागि गाउँपालिका, वडा कार्यालय र कार्यक्रमको सहजीकरण गर्ने मिडियाबाट संचालित पत्रिका तथा अनलाइनमा एक हप्ता अगाडिनै सूचना प्रकाशन गरिएको ।
- गाउँपालिका तथा सबै वडा कार्यालयमा सेवा लिन आउने ४५ जना सेवाग्राहीको सन्तुष्टि तथा असन्तुष्टि फारम भरेर संयोजन गरी सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको ।

## १२. सुधार गर्नुपर्ने पक्षहरु

- पालिका स्तरको सर्वाजनिक सुनुवाइमा गाउँपालिका भित्र कार्य गर्ने सरकारी तथा गैरसकारी कार्यालयलाई जवाफदेही वक्ताको रुपमा आमन्त्रण गरिएको भएपनि उनिहरुको सहभागिता न्यून रहेकाले आगामी दिनमा अनिवार्य उपस्थिति हुने वातावरण तयार गर्नु पर्ने ।
- गाउँपालिकाका जनप्रतिनिधि अर्थात गाउँ सभाका सबै सदस्यहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- पालिकामा भएका विद्यालयका प्रअ, शिक्षक, विद्यार्थीलाई समेत सहभागी गराउँदा विद्यालयसँग उठ्ने विषयमा जवाफ दिन सजिलो हुने
- पालिकाबाट तथा वडाबाट विनियोजन भएका योजना गउपभोक्ता समितिका पादधिकारीलाइ समेत सहभागी गराउँदा राम्रो हुने ।
- पालिकास्तरको राजनीतिक दलका प्रतिनिधिलाई पनि पाहुन तथा जवाफदेही वक्ताको रुपमा आमन्त्रण गर्दा राम्रो हुने ।

## १३. समस्याहरु

- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु गर्न नसकिएको ।
- छरिएर रहेका वडाबाट पालिकाको केन्द्र सम्ममा मानिसहरु सहभागी हुन नसेको ।
- जवाफदेहि वक्ता तथा अतिथिहरु धेरै रहेकाले कार्यक्रम लामो समयसम्म संचालन हुँदा टाढाका सहभागीहरुलाई आफ्नो घर फर्कन समस्या भएको ।

## १४.निष्कर्ष

सुनापति गाउँपालिका र अन्य सेवा प्रदायक निकायको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । सुनापति गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले सडक निर्माण, गुणस्तरीय शिक्षा, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र विकास, किसानलाई भनेजति मल उपलब्ध गराउनु पर्ने, योजना सम्पन्न गराउन वडा तथा पालिकाका प्राविधिकहरुले सहज रुपमा सहजीकरण गर्नु पर्ने, गुणस्तरी स्वास्थ्य सेवा दिनु पर्ने लगायतका विभिन्न विषमा प्रश्न सँगै आगामी दिनमा विभिन्न विषयहरुलाई सुधार गर्न सुझाव दिएका थिए । सार्वजनिक सुनुवाइका अतिति समेत रहनुभएका जिल्ला समन्वय समिति रामेछापका उपप्रमुख, समन्वय अधिकारी, पालिका भित्र सेवा प्रवाह गर्ने अन्य सेवा प्रदायक निकाय, संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको अपेक्षा गरेजती उल्लेख्य सहभागीता नरहे पनि प्रतिनिधिमूलक सहभागिता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । कार्यविधिले ब्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक भएको हुँदा यो कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ । सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सक्रिय सहभागीताले पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । विभिन्न कार्यक्रमका साथ गाउँपालिकामा रहेको सरकारी तथा गैरसरकारी संघसंस्थाहरुका (सेवा प्रदायक) प्रतिनिधिलाई अनिवार्य रुपमा वडा तथा गाउँपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक सुनुवाइलाई निरन्तर गर्ने हो भने सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

**तेस्रो चौमासिकको सार्वजनिक सुनुवाइ सम्पन्न गर्न लागेको खर्चको विवरण :**

| क.सं. | विवरण | तेस्रो चौमासिक | | | |
|---|---|---|---|---|---|
| | | दिन | संख्या | दर | जम्मा खर्च |
| १ | बहिर्गमन अभिमत संकलन तथा नतिजा तयारी | ६ | ३ जना | १५०० | २७,००० |
| २ | बहिर्गमन अभिमत संकलन फर्म प्रिन्ट | | ५० सेट (प्रत्येक सेटमा ६ पेज) | ६० | ३,००० |
| ३ | ब्यानर, पम्प्लेट तथा पर्चा प्रकाशन | | ७ ओटा व्यानार (सबै वडा कार्यालय र पालिकामा) | | ७,००० |
| ४ | कार्यक्रम सहजिकरण | १ | ३ | ५००० | १५,००० |
| ५ | सहभागीहरुलाइ पानी | काटुन | १० | ३०० | ३००० |
| ६ | सहभागीहरुलाइ खाजा | १ दिन | ८९ | २०० | १७,८०० |
| ७ | पाहुनाहरुलाई बिहानको खाना (पत्रकार समेत) | १ | ३० जना | ३५० | १०,५०० |
| ८ | पत्रकार भत्ता | १ | ८ जना | १००० | ८,००० |
| ९ | सञ्चार | | | ० | १९०० |
| १० | यातायात | | एक दिनलाई सुमो रिजर्भ | ० | १४००० |
| ११ | प्रतिवेदन लेखन | | | ० | ४००० |
| १२ | विविध खर्च | | | | ४००० |
| | जम्मा | | | | **११५,२००** |
| | १३ प्रतिशत भ्याट | | | | १४९७६ |
| | **कुल जम्मा खर्च** | | | | **१३०,१७६** |

## अनुसुची-१

# तस्विरमा सार्वजनिक सुनुवाई




सार्वजनिक सुनुवाईका जवाफदेहिबक्ता तथा अतिथिहरु




सार्वजनिक सुनुवाईका जवाफदेहिबक्ता ( विभिन्न शाखाका प्रमुखहरु) तथा स्थानीयहरु



सार्वजनिक सुनुवाइमा आउनुभएका सहभागी




प्रहार मिडियाको तर्फबाट सार्वजनिक सुनुवाई कार्यक्रमको सुरुवात तथा सहजीकरण गर्दै सहजकर्ता




सार्वजनिक सुनुवाइमा सहभागीहरुले राखेका प्रश्नको उत्तर दिनुहुँदै गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङ




सार्वजनिक सुनुवाईमा सहभागीहरुले राखेका प्रश्नको उत्तर दिनुहुँदै गाउँपालिका उपाध्यक्ष गिता विष्ट




सार्वजनिक सुनुवाईमा पालिकाबाट प्रवाह भएका सेवा तथा तेस्रो चौमासिकसम्मको प्रगति विवरण प्रस्तुत गर्दै प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठ




सार्वजनिक सुनुवाईमा संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्दै पशु सेवा कार्यालय सिन्धुलीका प्रमुख डा. ध्रुव डि.सी., सामुदायिक विकास समाजका कृष्ण श्रेष्ठ र सहास नेपालका विदुर थापा




सार्वजनिक सुनुवाईमा प्रतिक्रियात्मक भनाइ राख्दै नेपाल जिल्ला समन्वय समिति रामेछापका उपप्रमुख प्रेम बहादुर थापा र समन्वय अधिकारी हरिकृष्ण फुयाल




सार्वजनिक सुनुवाईमा प्रतिक्रियात्मक धारणा राख्दै नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष दिपक कुमार घिमिरे र निवर्तमान अध्यक्ष बद्री नयाँघरे



सार्वजनिक सुनुवाईमा आफ्नो प्रश्न तथा सुझाव राख्दै सहभागी

अनुसुची-२

## कार्यक्रममा सहभागीहरुको उपस्थिति

कार्यक्रमको नाम:- सुनापति गाउँपालिका र गाउँपालिका भित्र रहेर सेवा प्रवाह गरिरहेका सेवा प्रदायक निकायद्वारा आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिकसम्ममा प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई ।

कार्यक्रमको उद्देश्य:- सुनापति गाउँपालिका र भित्र रहेर सेवा प्रवाह गरिरहेका सेवा प्रदायक निकायद्वारा आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिकसम्ममा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा गाउँपालिका, वडा र विभिन्न सेवा प्रदायक निकायका जिम्मेवार अधिकारी र नागरिकहरू बीचमा हाकहाकी प्रश्नोत्तर गराउने ।

**कार्यक्रमको विवण**

**मिति** :- २०८२ साल साउन ८ गते बिहिवार

**स्थान** :- सुनापति गाउँपालिकाको प्राङ्गण

**समय** :- विहान ११ बजेबाट

**आयोजक** :- सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हिलेदेवी रामेछाप

**सहजिकरण** :- प्रहार मिडिया प्रा.लि. मन्थली, रामेछाप

**उपस्थिति विवरण**

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | ठुलोकान्छा तामाङ | सुनापति गा.पा. | अध्यक्ष | अध्यक्षता/प्रमुख प्रमुख वक्ता | |
| २ | प्रेम बहादुर थापा | जिसस | उपप्रमुख | अतिथि | |
| ३ | हरिकृष्ण फुयाल | जिसस | समन्वय अधिकारी | अतिथि | |
| ४ | गीता विष्ट | सुनापति गा.पा. | उपाध्यक्ष | वक्ता | |
| ५ | सुरेश कुमार श्रेष्ठ | सुनापति गा.पा. | प्रमुख प्रशासकीय अधिकृत | वक्ता | |
| ६ | पदम बहादुर थापा | सुनापति- २ वडा कार्यालय | वडाध्यक्ष/गाउँपालिका प्रवक्ता | वक्ता | |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ७ | ध्रुव प्रसाद चौलागाई | सुनापति- १ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| ८ | कुल बहादु थिङ | सुनापति- ३ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| ९ | डन्डुप लामा | सुनापति-४ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| १० | चित्र बहादुर मानन्धर | सुनापति- ५ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| ११ | डा. ध्रुव डि.सी. | प्र.स्वा सेवा कार्यालय सिन्धुली | कार्यालयप्रमुख | वक्ता | |
| १२ | हरिमाया श्रेष्ठ | सुनापति गा.पा | का.पा. सदस्य | हरीमाया | |
| १३ | राजेश्वर मोहोरा | ,, | ४ नं. वडा सदस्य | | |
| १४ | त्रिशाल लामा | ,, | ४ नं. वडा सदस्या | | |
| १५ | विनोद चौलागाई | ,, | लेखा प्रमुख | | |
| १६ | प्रविन श्रेष्ठ | ,, | पूर्वाधार शाखा इन्जिनियर | | |
| १७ | कुलदिप खड्का | इलाका कार्यालय सुनापति | कार्यालय प्रमुख | | |
| १८ | कुमार श्रेष्ठ | प्रादेश खबर | सम्पादक | सहभागी | |
| १९ | विष्णु बति घोमे | पब्लिक सुनापति गा.पा | पब्लिक हेल्थ नर्स | सहभागी | |
| २० | अशोक कुमार्की | सुनापति गा.पा ४ | कृषि प्राविधिक | ,, | |
| २१ | हरि ब. खड्का | ,, | ,, | ,, | |
| २२ | सन्तोष चौलागाई | पालिका | सूचना प्रतिनिधि अधिकृत | जवाफदेही वक्ता | |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २३ | हेम राज बोहरा | मातृगृह | का.व | वक्ता | [signature] |
| २४ | निपलन कुमारराय | कुमारी बैंक, बेथान | शाखा प्रमुख | वक्ता | [signature] |
| २५ | प्रदिप कार्की | सूर्योदय वोमी लघुवित्त वि.सं. कलि | शाखा प्रमुख | वक्ता | [signature] |
| २६ | टेकन जिम्दी | लक्ष्मी लघुवित्त वित्तिय संस्था लि. सुनापती | शाखा प्रमुख | वक्ता | [signature] |
| २७ | बैकुण्ठ लुइटेल | साकुदाधिके लघुवित्त | शाखा प्रमुख | वक्ता | [signature] |
| २८ | टिकामाया मानन्धर | लफ्रा | सदस्य | सहभागी | टिका |
| २९ | कपिल तामाङ | चौंकरीफार्म प्रा.लि. | प्रोप्राइटर | सहभागी | [signature] |
| ३० | राम कुमार श्रेष्ठ | बोक्सा | सदस्य | सहभागी | [signature] |
| ३१ | अमृत लामा | भिरकोट | सदस्य | सहभागी | Amrit |
| ३२ | चेतराज तोल | पञ्चा. का. (रेत नयारी) | ले.अ. | ,, | [signature] |
| ३३ | कमान थिंग | सुनापती |  | सहभागी | [signature] |
| ३४ | नविन कु. यादव | डिमीपोखरी स्वास्थ्य चौकी | हे.अ. | वक्ता | [signature] |
| ३५ | रमेश कुमार मानन्धर | सुनापाती |  | सहभागी | रमेश |
| ३६ | मणिशंकर प्र. साह | गुम्सी स्वा.चौ. | हे.अ. (स्वास्थ्य प्र. प्रमुख) | वक्ता | [signature] |
| ३७ | सन्तोष कुमार यादव | बेथान स्वास्थ्य चौकी प्रमुख | हे.अ. | वक्ता | [signature] |
| ३८ | मनमाया तामाङ | सुनापति गा.पा. | सदस्य | सहभागी | मान |

| क.सं. | सहभागीको नाम | आवद्धता संस्था / ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ३९ | निकिता श्रेष्ठ | दोलखा | सदस्य | सहभागीता | [signature] |
| ४० | पारिजात सिंह | स्वास्थ्य शाखा | सि.अ.अ.मी | — | [signature] |
| ४१ | डा. नागेश्वर चौधरी | सुनापति आधारभूत अस्पताल | मे. अ | वक्ता | [signature] |
| ४२ | खड्ग बहादुर बस्नेत | " | सि. अ. हे. व. | वक्ता | [signature] |
| ४३ | राजिव खड्का | सुनापति गा.पा. | खा.पा.स.टे | वक्ता | [signature] |
| ४४ | ज्योती देवकोटा | सुनापति गा.पा. | पशु सेवा प्राविधिक | वक्ता | [signature] |
| ४५ | लिला ब. परियार | खिदखोलबी | पु.स. हे. | — | [signature] |
| ४६ | सुनिल बुढामगर | रोल्पा | प्र. ज. | — | [signature] |
| ४७ | श्रितेश नाथ | सुनापति गा.पा. | स. ई. | — | [signature] |
| ४८ | रुपेश थापा | सुनापति - ३ | | — | [signature] |
| ४९ | हाबा तामाङ | " | ह.प्र.स | | [signature] |
| ५० | विवेक कार्की | मन्थली | " | | [signature] |
| ५१ | सन्सर मगर | सिन्धुली | " | | [signature] |
| ५२ | KARINA KHADKA | Manthali | AMIN | सहभागीता | [signature] |
| ५३ | रचना भुजेल | मन्थली | नापी सर्वेक्षक | वक्ता | [signature] |
| ५४ | समिक्षा गौतम | सुनापति | कृषि अधिकृत | वक्ता | [signature] |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
| --- | --- | --- | --- | --- | --- |
| ५५ | प्रमिला घिमिरे | सुनापति गा.पा | मनोपरामर्शकर्ता | | [signature] |
| ५६ | [illegible] | " ३" | — | | [signature] |
| ५७ | राज कुमार मानन्धर | ५ | किसान | | [signature] |
| ५८ | भरत मानन्धर | -५ | किसान | | [signature] |
| ५९ | हरिमाया मगर | CDS | E.D.E | | [signature] |
| ६० | अर्जुन कु. खड्का | ३ | किसान | | [signature] |
| ६१ | मिलाम सिं तामाङ | ४ | कृषक | | [signature] |
| ६२ | राजुमान घिसिङ | सुनापति गा.पा | प स्वा प्रा | | [signature] |
| ६३ | नर बहादुर मानन्धर | " ५ | कृषक [illegible] | | [signature] |
| ६४ | राज कुमार कार्की | पशु सेवा कार्यालय, सिन्धुली | प्रा.स. | | [signature] |
| ६५ | रामहरि जंगी | सुनापति-५ | वडा सदस्य | | [signature] |
| ६६ | गोकर्ण राज जोशी | सुनापति गा.पा | प्रा.स. कृषि विकास शाखा | | [signature] |
| ६७ | [illegible] | पशु सेवा गा | प.चि | | [signature] |
| ६८ | हेम मगर | CDS | J.T.A | | [signature] |
| ६९ | Dinesh Devkota | SAHAS Nepal | AFO | | [signature] |
| ७० | Bidur kumar Thapa Magar | " | PC | | [signature] |

| क.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ७१ | माधव प्रधान | सुनापति गा.पा. | स्वास्थ्य शाखा प्रमुख | | [signature] |
| ७२ | सुकरामधिसिङ | सामुदायिक विकास समाज | जिल्ला संयोजक | | [signature] |
| ७३ | नवराज तिवारी | कान्तिपुर | रिपोर्टर | | [signature] |
| ७४ | कुमार श्रेष्ठ | गन्तव्य डट | पत्रकार | | [signature] |
| ७५ | युवराज श्रेष्ठ | ओंकार एफ.एम. | ,, | | [signature] |
